# उदयपुरका मगरहरूमा चेतनाको लहर

उदयपुर जिल्लामा मगरहरू अत्याधीक मात्रामा रहेका छन्। भाषा, संस्कृति र पहिचानको जगेर्ना गर्ने उदेश्यले प्रजातन्त्रको आगमन भन्दा अगावै पंचायती व्यवस्थामा नै कुलबहादुर थापा मगरको सकृयतामा २०३५/०३६ सालमा भुमिगत रूपमा "लाङघाली संघ" जिल्ला कार्यसमितिको गठन गरिएको थियो। बिभिन्न आर्थिक, समस्या, बाधा अड्चनले गर्दा सो संघले मुर्त रूप लिन पुगेता पनि भित्र-भित्र संगठित चाहि नभएको होइन।

२०४७ सालमा प्रजातन्त्रको आगमन सँगै राजबहादुर थापा मगरको सक्रियतामा २०४९ साल कार्तिक २६ र २७ गते उदयपुरको पूर्वी भागमा पर्ने दोस्रो प्रमुख बेलटार बजारमा नेपाल मगर संघ जिल्ला कार्यसमितिको प्रथम जिल्ला अधिवेसन भव्यताका साथ सम्पन्न भएको थियो। सोहि जिल्ला अधिवेशनले जिल्ला कार्यसमितिको निमित्त १९ सदस्य रहेको पदाधिकारीहरू गठन गरिएको थियो। अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिवमा क्रमशः पूर्णबहादुर क्यापछाकी मगर, अम्बरबहादुर थापा मगर, स्वम्बरबहादुर मगर, मोहन घले मगर हुनुहुन्थ्यो भने सदस्यहरूमा सु रनबहादुर राना मगर, स्विलबहादुर स्वपाङ्गी मगर, गणेशबहादुर मगर, गंगाबहादुर राना मगर, लिलबहादुर मगर, ठाकुरबहादुर मगर, सुर्यबहादुर स्वपाङ्गी मगर, दिपबहादुर थापा मगर, एकबहादुर आले मगर, मानबहादुर क्यापछाकी मगर, भेषबहादुर थापा मगर, प्रेम स्वप्तरी मगर, मोहन मगर, देवबहादुर मगर र केसव आलेमगर रहनु भएको थियो। त्यस्तै २०५० साल कार्तिक ५ गते श्री ज्योति उच्च मा.वि.बेलटारमा जिल्ला स्तरीय मगर विद्यार्थीहरूको भेलाले नेपाल मगर संघ जिल्ला तदर्थ विद्यार्थी समिति गठन गरिएको थियो। सो समितिमा निम्न पदाधिकारीहरू अध्यक्ष- स्विलबहादुर स्वपाङ्गी मगर, उपाध्यक्ष-यमबहादुर पुलामी मगर, कोषाध्यक्ष-सुश्री तारा थापा मगर, सदस्य-सचिव- रितबहादुर पुलामी मगर, सदस्यहरूमा हिमबहादुर लुङ्गेली मगर, रूद्रबहादुर लायो मगर, केसव आलेमगर, संजोग "लाफा" मगर, बिरेन्द्र आले मगर, शम्सेर स्वपाङ्गी मगर, हरिबहादुर थापा मगर, सल्लाकार समितिमा राजबहादुर राना मगर, मित्र थापा मगर, मानबहादुर राना मगर, श्रीमती राधा आले मगर, खुसबहादुर थापा मगर, हस्तबहादुर थापा मगर, हिमाल लामिछाने मगर, ध्रुव स्वपाङ्गी मगर, थोपबहादुर स्वपाङ्गी मगर र नन्द मगर हुनुहुन्छ।

२०५० साल असोज ९ गते नेपाल मगर संघ केन्द्रीय समितिको ३९औं बैठक उदयपुरमा सम्पन्न भएको छ। असोज १० गते दोस्रो जिल्ल सम्मेलन मुर्कूचीमा सम्पन्न भएको थियो भने २०५१ साल जेष्ठ २ गते दोस्रो जिल्ला अधिवेशन बाहुनीटारमा सम्पन्न रहेको छ। सो अधिवेशनले न

(बाँकी २५ पेजमा)



कार्यसमितिको चयन गरेका छन। नव कार्यसमितिमा अध्यक्ष-पूर्णबहादुर क्यापछाकी मगर, कोषाध्यक्ष- मानबहादुर क्यापछाकी मगर, सचिव- स्वम्बरबहादुर थापा मगर, सह-सचिव- कमल स्वपाङ्गी मगर, सदस्यहरूमा राजबहादुर राना मगर, बेदबहादुर आलेमगर, ठाकुरबहादुर मगर, कर्णबहादुर मिरिचिङ्ग मगर रहनु भएको छभने ३ पद रिक्त रहेका छन्। सो समितिको बैठकले मगर भाषा, धर्म, संस्कृतिलाई पहिल्याउदै, कर्मकाण्ड विधिहरू आफ्नै विधिद्वारा गर्न सम्पूर्ण मगरहरूलाई सचेत गर्न अग्रसर रहेको छ। नेपाल मगर संघ जिल्ला कार्यसमितिको आयोजनामा २५३८औं बुद्ध जयन्ती बसाहा बर्षे डाँडामा पूर्वेली मगरहरूको अति लोकप्रिय हुर्रा नाच नचाएर मौलिक संस्कृतिको पहिचान गराउने जमर्को गरिसकेको छ। त्यस्तै, संघलाई व्यवस्थित गर्दै शिक्षा क्षेत्रमा न्यून भएका मगर समाजलाई ध्यानमा राखी प्रत्येक वर्ष तीनजना मगर बिद्यार्थीहरूलाई छात्रबृत्ति दिने निर्णय भइसकेको छ। "राहा" पत्रिकालाई सुचारूरूपले प्रकाशन गर्दै लैजाने र कुना काप्चामा रहेका मगर समाजलाई चेतनाको ढोका खुलाउन अग्रसर छन्-उदयपुरबासी मगरहरू।

पूर्वाञ्चल मगर मिलन समारोह २०५० सालको इनरूवामा सम्पन्न भएको थियो भने २०५१ सालको पूर्वाञ्चल मगर मिलन समारोह कार्यक्रम उदयपुर देवरीमा गर्ने भएको छ। निकट भविष्यमा नै मातृभाषामा पठन पाठन गर्ने जमर्को पनि रहेको छ।

प्रा.मनबहादुर थापा मगर, चित्रबहादुर बुढाथोकी मगर, भू.पू.आई.जि.पि.स्वड्गजित वराल मगर, गोपालबहादुर रोका मगर, एच.बी.थापा मगर, प्रा.लोकबहादुर थापा मगर, प्रा.शुरेस आले मगर हुनुहुन्थ्यो। स्वागत भाषण हिरासिं थापा मगरले गर्नुभएको कार्यक्रम संचालन गौतम थापा मगरले गर्नुभएको थियो। मिलन विद्यामन्दिर अनामनगरका शिक्षक कर्मचारिहरूको निर्णय अनुसार गरिव तथा जेहेन्दार दुइजना छात्र/छात्रालाई निःशुल्क शिक्षा हासिल गराउने र मगराती भाषामा कक्षा संचालन निकट भविष्यमा नै हुने जानकारी दिनुभएको थियो। ❋

## उदयपुर सम्पर्क समिति गठन

काठमाण्डौं। भाद्र ० गते उदयपुर जिल्लाबाट आई उपत्यकाको विभिन्न क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूको भृकुटीमण्डपस्थित आर.आर. क्याम्पसमा संजोग लाफा मगर र नन्दकुमार राईको सकृयतामा स्वतन्त्र विद्यार्थी सम्पर्क समिति पूर्व क्षेत्र नम्बर एक नन्दकुमार राईको अध्यक्षतामा १७ सदस्य समितिको गठन भएको छ। उक्त समितिमा निम्न पदाधिकारीहरू रहेका छन्:- अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सह-सचिव क्रमशः नन्दकुमार राई, पुष्प वि.के., ज्ञानप्रकाश राई, संजोग लाफा मगर र श्याम राई रहनु भएको छ। सदस्यहरूमा प्रेम राई महेन्द्र राई, कैलाश राई, लालबहादुर पुर्कटी, देवती राई, देवी थुलुङ, रामबहादुर थापा मगर, गणेशबहादुर राजधामी, चित्रबहादुर गुरूङ, रिपुधन थुलुङ राई, थोपबहादुर स्वपाङ्गी मगर र चण्डी राई हुनुहुन्छ। सो भेलाले तत्कालै रिपुधन थुलुङ राई संयोजक रहेको विधान समिति र ज्ञानप्रकाश राई संयोजक रहेको आर्थिक उप-समिति पनि गठन गरेको छ। उदयपुरको विविध पक्षहरूलाई ध्यानमा राखी जिल्लाको विकास पिछडिएको स्थितिलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने ध्येयले खोलिएको र मध्यावधि निर्वाचनमा उम्मेदवार हुनेहरूमा जसले स्वच्छ ढंगले जिल्लाको समस्याहरूलाई समाधानका लागि काम गर्न सक्छ, त्यस्ता व्यक्तिहरू जुनसुकै राजनितिक पार्टीबाट उठेको भएतापनि वा निरपक्ष स्वतन्त्र उम्मेद्वारहरूलाई उक्त समितिले सहयोग गर्ने भनी भेलाले एक प्रस्ताव पनि पारित गरेको छ। ❋

Raahaa, year 1, nmbr 2, aswin-chaitra, 2051